# आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेट बक्तव्य

सम्मानित गाउँसभा,

आमन्त्रित विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु

विभिन्न विषयगत शाखाका प्रमुख/इन्चार्ज तथ सह इन्चार्ज ज्यूहरु

सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधि ज्यूहरु, शिक्षक, वुद्धिजिवि, कर्मचारी, संचारकर्मी लगायत यस कार्यक्रममा सहभागी हुनु भएका सम्पूर्ण महानुभावहरु

गाउपालिकाको समृद्धिको पर्खाइमा रहेका आम गाउँपालिका वासीहरुले हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस तातोपानी गाउँपालिकाको दोस्रो वजेट वक्तव्य समद्घाटन समारोहमा आफ्नो अमूल्य समयलाई थाती राखि यहाँ पाल्नु हुने सम्पूर्ण महानुभावहरुमा तातोपानी  गाँउपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत गर्दछु ।

२००७ सालदेखि संविधानरुपी छोरो जन्माउनका लागि छटपटाई रहेकी नेपाल आमाले २०६४ सालमा कानूनरुपी पहिलो सन्तान लाभ गर्न खोजेपनि संविधान सभाको दोस्रो निर्वाचनबाट मात्र सपूत छोरा जन्माई उसैको अनुकरणीय पालन पोषणका लागि आम नेपाली जनताले काँधमा काँध मिलाउन आवश्यकता देखिएको छ ।

वि.सं. १८२५ मा नेपाल एकीकरण भए यता लामो समय शाहकालबाट शुरु भएको एकात्मक तथा केन्द्रिकरण राज्य प्रणालीमा चल्दै आएको नेपाललाई विकेन्द्रीकरण, प्रजातन्त्र, लोकतन्त्र र संघात्मक गणतन्त्रात्मक व्यवस्था हुदै  धर्मनिरपेक्ष, वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका क्रममा १० वर्षिय लामो जनयुद्ध, २०६२।६३ को १९ दिने जनआन्दोलन, सिमाङ्कनका लागि गरिएको १२ दिने प्रदेश आन्दोलन, विभिन्न समयक्रममा भएका तराई मधेश आन्दोलन, प्रादेशिक आन्दोलनमा आफ्नो जीवन बलिदानी दिने शहिदहरु प्रति हार्दिक श्रद्वान्जलीको साथै  विभिन्न राजनीतिक संघर्ष तथा आन्दोलनका वीर घाइते योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । मलाई यस गाउपालिका क्षेत्रको सिपाहीको रुपमा काम गर्ने अवसर प्रदान गरी यस महत्वपूर्ण गरीमामय जिम्मेवारीको अवसर प्रदान गर्नु हुने तपाई सर्म्पूण जनसमुदाय प्रति म अनुगृहित छु ।

नेपालको संविधान अनुसार स्थानीय तहको हाल निर्वाचित जनप्रतिनिधिवाट यस तातोपानी गाँउपालिकाको पारित योजना तथा कार्यक्रम नीति, नियम, विनियम, गुरुयोजनाले गर्दा नेपाल सरकारवाट प्राप्त स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ र गाउँपालिका कार्य सम्पादन नियमावली २०७४ अनुसार सभावाट पारितको लागि यस सभामा प्रस्तुत गरेको छु।

सम्भावनै सम्भावनाको भण्डारको रुपमा रहेको यस तातोपानी गाउँपालिकामा ऐतिहासिक तथा पर्यटकीय स्थल तातोपानी धारा, जुम्ला जिल्लाको सवैभन्दा ठूलो ताल गिडी दह, जुम्लाको प्रख्यात बाविरा मस्ट र सुन्दरगाउँ मस्ट, ईश्वरीय रुपको प्रतिमुर्ति लछ्रालकृर्ति पैकेलो, कालिमारसी धानको पहिलो पटक उमारिएको तातोपानी २ लाछु जुम्लाको गुरु फोक्टो, लगभग तीनहजार वर्ष पुराना सुन चाँदिले बानेका लाम्राका बानिया दियार, विभिन्न पाटन क्षेत्रमा भएका ताल तलैयाहरु, सेतो डलरको रुपमा रहेको तातोपानी ४ जुम्लामा रहेको भण्डार बन, ईश्वरीय प्रतिरुपका बरदानका खानीका रुपमा रहेका ठाकुर ज्यू र विष्ट ज्यू को मन्दिर, विभिन्न पाटन क्षेत्र स्थानहरुको गुरु योजना सहितको विकास गरि जिल्ला भित्र र वाहिर देशवाट पर्यटक भित्रयाई स्थानीय स्रोत बढाउन प्रचुर सम्भावना भएकोले यस गाउँपालिकाको विकास प्रयास लाई सार्थक र परिणाममुखी तुल्याउन यस गाउँपालिकाको छाता भित्र रही सिंहदारवारको अधिकार प्रत्येक गाउँ गाउँ मा भन्ने नाराका साथमा यस गाउँपालिकामा हस्तान्तरण भएका स्वास्थ्य, शिक्षा, पशु, कृषि अन्य पूर्वाधार कार्यक्रम,कर्णाली रोजगार, अति विपन्न घर परिवारलाई लक्षित गरि गरिवी न्यूनिकारण गरिने कार्यक्रमलाई यस गाउँपालिका क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायसँग समन्वय गरि वजेट तथा कार्यक्रमहरु प्रस्तुत गरेको छु ।

प्रस्तुत गरिएका कार्यक्रमहरुलाई कार्य सम्पन्न गर्नका लागि यस गाउँपालिका भित्र सरकारी तथा गैर सरकारी संस्था, राजनीतिक दल, नागरिक समाज, वुद्धिजिवि, उपभोक्ता समिति, विभिन्न संजाल, वडा नागरिक मञ्च, युवा क्लव, संचार कर्मीसँग यस गाउँपालिकाको विकासमा नीति तथा कार्यक्रममा संक्रियतापुर्वक सहकार्य र समन्वय गदै जाने छौँ । यहाँहरुको पसिनाको रुपमा रहेको गाउँपालिकावाट प्राप्त हुने आन्तरिक राजस्वको प्रत्येक वर्ष स्रोत पहिचान गरि बढोत्तरी गर्दै लौजाने छौँ ।

सम्मानित महानुभावहरु यस गाउँपालिकाले आगामी आ.व. २०७५।७६ का लागि प्रमुख केही नीति तथा कार्यक्रमहरु यस प्रकार प्रस्तुत गर्न चाहन्छु :

## निति तथा कार्यक्रमहरु

### क. शिक्षा

- ततोपानी गाउपालिका क्षेत्रभित्र रहेका समुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रहरुको सुदृढिकरण गरिने छ ।
- ततोपानी गाउपालिका क्षेत्रभित्र रहेका माध्यमिक विद्यालयहरुमध्ये आवश्यकताको आधारमा व्यवसायिक विद्यालय संचालनको अवधारणा ल्याइने छ ।
- ततोपानी गाउपालिका क्षेत्रभित्र रहेका ३ वटा सामुदायिक सिकाई केन्द्रहरुको सुदृढिकरण गरिने छ ।

- ततोपानी गाउपालिका क्षेत्रभित्रमा संचालित अंग्रेजी माध्यमबाट पढाई हुने विद्यालयहरुलाई प्रोत्साहनको व्यवस्था गरिने छ ।
- भौगोलिक विकटतालाई मध्यनजर गरी कक्षा १ देखि १२ कक्षासम्म संचालन भएका विद्यालयहरुलाई मर्ज गरिने छ ।
- ततोपानी गाउपालिका क्षेत्रभित्र रहेका ६ वटा माध्यमिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनमा प्राथमिकता दिइने छ ।
- ततोपानी गाउपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुमा अभिभावक शिक्षा लागू गरी गुणस्तरीय शिक्षामा जोड दिइने छ ।
- ततोपानी गाउपालिका क्षेत्र भित्रका विद्यालयहरुमा राम्रो र प्रशंसनीय काम गर्ने १ जना महिला र १ जना पुरुष शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिने छ भने विभिन्न बहानामा लगातार विद्यालयमा अनुपस्थित हुने शिक्षकहरुको पहिचान गरी कडाभन्दा कडा कारवाहीको प्रक्रिया अगाडि बढाइने छ ।
- हरेक वर्ष विद्यालयमा मनाइने अभिभावक भेला एवम् वार्षिक उत्सव कार्यक्रम विद्यालय स्थापना भएको समयमा नै गर्ने गरी पत्राचार गरिने छ ।
- ५ बर्ष भित्रमा हरेक माध्यमिक विद्यालयमा ई लाइव्रेरीको स्थापना गर्न प्राथमिकता दिइने छ ।
- दलित, अतीविपन्न, द्धन्द्ध पिडित, असाय वालवालिकाहरुको लागी छात्रवृत्ती व्यवस्था गरीनेछ ।
- पालिका क्षेत्रभित्र संचालित विद्यालयहरुमा प्र.अ. मिलान र विषयगत शिक्षक मिलानलाई प्राथमिकतामा राखिने छ ।
- विद्यार्थी संख्या अनुसार शिक्षकको दरवन्दि कायम गर्न पहल गरिने छ ।
- विद्यालयको पूर्वाधार विकासका लागि आवश्यकता हेरी रकमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका अर्न्तगत खाली रहेको विद्यालय नजिक ECD कक्षा सञ्चालनका लागि सहजकर्ता, भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ ।
- पालिका स्तरका माध्यमिक विद्यालयमा डिजिटल हाजिरको व्यवस्था गरिनेछ र अन्य विद्यालयमा क्रमशः लागू गरिनेछ ।
- विद्यालय क्षेत्र भित्र विद्यार्थीलाई मोवाइल लिन प्रतिबन्द गरिनेछ भने शिक्षकहरुलाई कक्षा कोठाहरुमा मोवाइल लिन नपाउने नीयम बनाइनेछ ।

- विद्यार्थीहरुमा संचार सुविधालाई प्रत्याभुति दिन विद्यालयहरुमा एक विद्यालय एक CDMA फोनको अवधारणा ल्याइने छ ।
- निरक्षरता उन्मुलनको लागि माध्यमिक तह कक्षा ९ को वार्षिक परिक्षाको प्राक्टीकल नम्वरको लागि घरपरिवारका २ जना सदस्यलाई साक्षरता वनाउनु पर्ने नियम बनाइ सोहिका आधारमा अंक दिइने व्यवस्था गरिनेछ ।
- एक विद्यालय एक गाडेन कार्यक्रम अगाडि बढाइनेछ ।

ख. कृषि

- आधुनिक तथा व्यवसायिक कृषि प्रणालीलाई निरन्तरता दिइएको छ ।
- बजार प्रवर्द्धन अन्तर्गत २ वटा दुग्ध संकलन केन्द्र तथा मासु संकलन केन्द्र स्थापना गरिने छ ।
- तातोपानी गाउपालिका क्षेत्र भित्रका हरेक वस्तिहरुका रैथाने बालिहरुमा अनुदानको व्यवस्था गर्नुकासाथै रैथाने बाली विउ बैकको स्थापना गरिने छ ।
- व्यवसायिक खेत खेती गर्ने कृषक, सहकारी समूहहरुलाई पचास प्रतिशत अनुदानको व्यवस्था गरिने छ ।
- स्याउ बगैचाको पालिकाको रुपमा परिचित यस गाउपालिका क्षेत्रका तीनवटा स्थानमा चिस्यान गृह ( कोल्ड स्टोर ) को व्यवस्था गरिने छ ।
- यस पालिका क्षेत्रभित्र अविलम्ब हाइटेक नर्सरीको अवधारणा ल्याइने छ ।
- चक्लावन्दि र गडा सुधार कार्यलाई अगाडि बढाइनेछ ।
- एकघर एक बगैचा नीतिलाई व्यवसायिक रुपमा अवलम्वन गरिने कुरालाई कार्यलाई निरन्तरता दिइएको छ ।
- नमुनाका रुपमा वगैचा स्थापना गर्ने, कृषकहरुलाई  मल, विउ, कृषि औजार र जैविक विषादीको व्यवस्था गरिने कार्यलाई निरन्तरता दिइएको छ ।
- वेमौसमि तरकारी खेतीलाई जोड दिइनेछ ।
- तरकारी तथा फलफुल संकलन केन्द्र स्थापना गरि बजार व्यवस्थान गरीनेछ ।
- पशु चरण क्षेत्रको व्यवस्थापन गरिनेछ ।

- उन्नतजातको पशुपालन गर्ने कृषकलाई प्रोत्साहन गरिने छ ।
- लिफ्ट सिचाइ परियोजना नमुनाको रुपमा डाँगीवाडा गौतमवाडा तथा अन्य क्षेत्रमा परिक्षण गरी आगामी वर्षमा त्यसको आवश्यक व्यवस्था गरींछ ।
- जमिन र जलमा नोक्सान हुने खालका घातक विषाधी, रासायनिक मल खेत बारीमा प्रयोग गर्न रोक लगाइनेछ ।
- कम्पोष्ट मलको उद्योग व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।
- कृषकहरुलाई व्यवसायिक खेतीको लागि वाहिर जिल्ला, देश, अन्य गाउँपालिकामा अवलोकन तथा भ्रमणको लागि विशेष पहल गरिनेछ ।
- अगुवा कृषकहरुलाई क्षमता अभिवृद्दिको लागि आवश्यक तालिम दिइने छ ।
- पशुपंक्षि आहार उद्योग स्थापना गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण स्याउ सुपर जोन जुम्ला कायक्रमसँग समन्वय गरी गाउँपालिका भरी विस्तार गरिने छ ।
- नदिले कटान गरेका खेतियोग्य जमिनमा तटवन्ध निर्माण गरि नदि नियन्त्रण गरिने कार्यलाई निरन्तरता दिइएको छ ।
- कुखुरापालन व्यवसायको लागि आधुनिक पोल्टी फर्म युवा लक्षित कार्यक्रम अगाडि ल्याइने छ ।
- आधुनिक मौरिपालन व्यवसायलाई सुदृढिकरण गरिने छ ।
- गाउपालिका क्षेत्रभित्र सिंचाई अपुग भएको ठाउँमा सिचाइको व्यवस्था गरी कृर्षि बाली तथा तरकारी खेतीको प्रवर्द्धन गरिने छ ।

ग. स्वास्थ्य, खानेपानी तथा  सरसफाइ

- गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुमा अति आवश्यक सामग्रीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- आगामि पाँच वर्षभित्र तातोपानी गाउपालिका क्षेत्रमा १५ शैयाको अस्पतालको अवधरणा ल्याइने छ ।
- तातोपानी क्षेत्रभित्र रहेका वर्थिङ्ग सेन्टरहरुको स्तरोन्नति गरिने छ ।
- तातोपानी गाउपालिका क्षेत्रमा संचालित एक स्वास्थ्य चौकीमा ल्यावको व्यवस्था गरिने छ ।

- तातोपानी गाउपालिकाको स्वास्थ्य शाखाबाट आएको आवधिक रणनीतिक योजनालाई कार्यान्वयनमा ल्याइने छ ।
- गरिव संग अध्यक्ष कार्यक्रम अनुसार वार्षिक रुपमा गाउँपालिका स्तरीय निःशुल्क स्वास्थ्य शिवीर संचालन गरिने छ ।
- अति विपन्न व्यक्तिलाई आधारभूत औषधी उपचार व्यवस्था गरिनेछ ।
- पूर्ण सरसफाइ सम्बन्धि एक घर एक धारा एक शौचालयको व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- यस गाउँपालिकाको वडा नं ७ र ८ को बिचमा पर्ने ठाँउमा यसै आव भित्र वर्थिङ सेन्टर सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाका स्वास्थ्य व्यवस्थापन समितीका सदस्य र कर्मचारीहरुलाई क्षमता अभिवृद्दि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
- वाँकि रहेका वडाहरुलाई यसै आव भित्र पूर्ण खोप मुक्त गरिनेछ ।
- भ्याक्सीन सुरक्षित गर्न सवसेन्टर स्थापनाका लागि पहल गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकालाई पोषाक र क्षमता अभिवृद्दि सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्ण सरसफाई कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- पालिका स्तरीय डम्पिङ साइडको स्थलगत अध्ययन गरि त्यसको सही व्यवस्थापन गरिने छ ।
- म स्वस्थ मेरो देश स्वस्थ भन्ने सरकारको कार्यक्रम सफल पार्न गाँउटोल वस्ती स्तरमा जनचेतनाका कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य शाखा अन्तर्गतका कार्यक्रहरु प्रभावकारी रुपमा संचालन गर्नको लागि समग्र बजेटको ५ प्रतिशत  बजेट बिनियोजन गरिने छ ।

घ. पर्यटन

- तातोपानी गाउँपालिका क्षेत्रभित्र रहेका गिडिदह लगायतका विभिन्न तालहरुको डकुमेन्ट्री तयार गरी प्रचार पशारमा ल्याइने छ ।
- ततोपानी गाउँपालिका भित्र रहेको सुन चाँदिले बानेर लगाइएको तीन हजार बर्ष पुरानो लाम्राको बानिया दियारलाई यही वर्ष भित्र संरक्षण र सम्बद्धर्न गरिने छ ।
- यस गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको संरक्षणका लागि भौतिक पुर्वाधारको व्यवस्थापनमा लगानि गरिने छ ।
- प्रमुख पर्यटकीय स्थानहरुमा होम स्टेको लागि व्यवस्थापन गरिने छ ।

- तातोपानी गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरु : तातोपानी धारा, बुदबुदी, गिडिदह, मष्टोदेव, बानिया दियार, गुरु फोक्टोको अध्ययन गरी वृतचित्र निर्माण गरिने छ ।

- यस गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक गाउँहरुको खोज तथा अनुसन्धान गरिने छ ।

- यस गाउँपालिका क्षेत्रमा पर्यटन प्रवद्धर्न गर्न तातोपानी गाउँपालिका वडा नम्बर २ मा स्वर्णग्राम शहीद पार्क निर्माण गरिने छ ।

- तातोपानी गाउँपालिकामा रहेका समग्र प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थललाई गुरुयोजना बनाइ कार्यान्वयन गरिनेछ ।
- पर्यटन पर्वद्दनका लागि गाउँपालिका स्तरिय जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ
- यस गाउँपालिकामा रहेको तातोपानी धारालाई संरक्षणका लागि विशेष पहल गरिने कार्यलाई यस आ.व.मा पनि नियमितता दिइएको छ ।

ङ. विद्युत र प्रविधी

- जलविधुत, वायु उर्जा र सौर्य उर्जाका कार्यक्रमहरुलाई एकीकृत रुपमा अगाडि बढाइने छ ।

- जाल्पादेवी गिडिखोला विद्युत सहकारी संस्थाबाट उत्पादन हुने २०० किलोवाट वत्ति जनतालाई वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- सोहि वत्ति निर्माणको लागि जनताको नाममा १ करोड ६३ लाख बैकबाट लिएको ऋण तिर्नको लागि **विकास गरौं ऋण तिरौं** कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- नेश्नल ग्रिडलाई जोड्न सम्बन्धित निकायलाई पहल गरिनेछ ।
- नमुना वायु उर्जा काम अगाडि बढाउन पहल गरिनेछ ।
- पुराना सञ्चालनमा आएका विद्युतलाई मर्मत सम्भारकोषको स्थापना गरिनेछ ।
- पुराना सञ्चालनमा आएका साना विद्युतलाई आगामि वर्ष देखि आफै मर्मत सम्भार कोष स्थापना गरि मर्मत गरिने छ तर प्राकृतिक प्रकोपले गर्दा ठुलै क्षति भए गाउँपालिकाले मर्मत गर्नेछ ।

च. वन

- जथाभावी वन कटानी खोरिया फडानीमा रोक लगाई वनको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- यस गाउँपालिका क्षेत्रभित्रका सडेगलेका काठहरु संकलन गरि यसबाट आएको आम्दानीबाट सोहि क्षेत्रमा लगानी गर्ने कार्यलाई अडाडि बढाइने छ ।

- डालेचुक उद्योग संचालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- गाउँपालिकामा रहेका सामुदायिक वनले समुदायलाई पुर्जि दिदा एक क्यु फिट रु. ८० का दरले कायम गरिनेछ ।
- सामुदायिक वनबाट उठेका रकम मध्ये २५ प्रतिशत रकम गाउँपालिकालाई दिनु पर्ने, ५० प्रतिशत वन संरक्षणका लागि र २५ प्रतिशत प्रशासनिक खर्च गरिने कार्यलाई निरन्तरता दिइएको छ ।
- नाङ्गा डाँडा पाखामा वृक्षारोपणका कार्यक्रमका संचालन गरिनेछ ।
- जन्म, मृत्यु र विवाहमा अनिवार्य रुपमा वृक्षारोपण गरीने संस्कारको विकास गरीनेछ ।
- २०५२ साल अघि देखि भोग चलन गरेको जग्गा वन कार्यालयले जंगली क्षेत्री भनी रोक्का गरेकोले फुक्काको लागि पहल गरीनेछ ।
- वन नर्सरीको स्थापना गरि सामुदायिक वनलाई प्रोत्साहन दिइनेछ ।
- सामुदायिक वन भित्र सामुदायिक जडिबुटि तथा घाँस खेतीका लागि प्रोत्साहित गरिने छ ।
- डालेचुक, लौठ सल्ला र ढुटेलो जथाभावी कटानीमा रोग लगाइनेछ ।
- जल, जमिन, जडिबुटि र जंगललाई संरक्षण सम्बर्द्धन गरी जनताको प्रत्यक्ष आयस्रोतमा समाहित गरिने छ ।

छ. यातायात

- तातोपानी गाउँपालिका क्षेत्रका सवै वडाहरुमा सडक सञ्जाल जोडिने कार्यलाई पहिलो प्राथमिकतामा राखिने छ ।
- अन्तर जिल्ला जोड्ने वेहुली ढुंगा र अन्य गाउँपालिका तिला, हिमा र सिंजा गाउँपालिका जोड्ने सडकलाई यस आ.व.पनि प्राथमिकतामा राखिएको छ ।
- भौतिक पूर्वाधार तर्फ अन्तर जिल्ला जोड्ने सडक अर्न्तगत पर्ने तिला नदिमा पक्की पुल लागयत महत्वका योजनाहरुलाई केन्द्र तथा प्रदेश सरकारसँग पहल गर्ने कुरालाई पनि निरन्तरता दिइएको छ ।
- प्राचीन कालदेखि रहेका परम्परागत काठे पुल अन्तर्गत बाविराको पुललाई पर्यटकीय आकर्षकको दृष्टिले व्यवस्थापन गरिने छ भने हाँकु साँघु पुललाई पनि व्यवस्थापन गरिने छ ।

ज. सामाजिक संस्कार र सुरक्षा

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैज्ञानिक गरिने छ ।
- लोप हुन लागेका सामाजिक रीतिरिवाज पञ्चे वाजा, ढाल नाच,मागल, देउडा, चुट्किलाहरुको संरक्षण गरिने कार्यलाई निरन्तरता दिइने छ ।

- सामाजिक कुप्रथाको रुपमा रहेको छुवाछुत प्रथा, वालविवाह, अनमेल विवाह, वहु विवाह, छुइ प्रथा, महिला हिसां, घरेलु हिसांहरुलाई न्यूनीकरण गर्न जनचेतनामुलक कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- सामाजिक सद्भावमा खलल पार्ने मध्यपान, धुम्रपान र जुवातासलाई नियन्त्रण कार्यलाई कडाइकासाथ लागु गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- छुवाछुत जस्ता जातीय विभेदको अन्य गरी समतामुलक समाज निर्माणमा जोड दिइने छ ।
- पालिका स्तरिय सांस्कृतिक र संस्कार झल्काउने मेलाको आयोजना गरिनेछ ।
- लघुउद्यम मार्फत दलित, एकल महिला, अपांगता र गरिबीको रेखामुनि भएका व्यक्तिहरुका लागि सीपमुलुक तालिमको व्यवस्था गरिनेछ ।

**झ) महिला विकास**

- तातोपानी गाउपालिका क्षेत्रभित्रका महिला सदस्यहरु र किशोरीहरुवीच चौमासिक अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ
- महिलाहरुका लागि हाते, होजियारी, बेमौसमी तरकारी खेती, बाख्रापालन र लेखा तालिम संचालन गरिने छ ।
- महिला विकास कार्यक्रमलाई अझ व्यवस्थित रुपमा संचालन गर्न महिलाहरुको अन्तर जिल्ला भ्रमण कार्यलाई प्राथमिकतामा राखिएको छ ।
- महिला सशक्तिकरणलाई अगाडि बढाउन एक गाउँ एक महिला समूहको अवधारणा अगाडि ल्याइने छ ।
- उत्कृष्ठ कार्य गर्ने महिला विकास समूहलाई पुरस्कारको व्यवस्था गरिने छ ।

**ञ) . युवा तथा खेलकुद**

- युवा स्वरोजगारको विभिन्न कार्यक्रमहरुको अध्ययन गरी लागु गरीने छ ।
- अन्तर पालिका स्तरीय फुटबल प्रतियोगित संचालन गरिने छ ।
- विभिन्न किसिमका खेलहरु मार्फत युवाहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।
- विभिन्न गाउ बस्तिहरुमा रहेका बाल क्लवहरुको क्षमता बृद्धि गरिने छ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा नमूना खेल मैदान तथा कवर्डहल निर्माण गरिने छ

ट) उद्योग

- तातोपानी गाउपालिका क्षेत्रका सक्षम उद्योग व्यवसायि, समूह र व्यक्तिहरुलाई र्निव्याजि ऋण उपलव्ध गराइने छ ।

**ट) अन्य नीति**

- गाउपालिका अन्तर्गतका विषयगत शाखाहरुको संस्थागत विकास गरिने छ ।
- तातोपानी गाउपालिकालाई प्रविधि मैत्री गाउपालिका बनाइने छ ।
- लक्षित बर्ग पहिचान तथा सचेतना अभियानलाई तदारुकताकासाथ अगाडि बढाइने छ ।
- जीवनोपयोगी सीप विकास तालिमलाई प्राथमिकतामा राखिने छ ।
- सहकारी संस्थाहरुको साझेदारी तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामा राखिने छ ।
- यस गाउपालिकाको आचारसंहिता अनुगमन समितिलाई प्रभावकारी रुपमा अगाडि बढाउन संस्थागत क्षमताको विकास गरिने छ ।
- सीप विकास सिकर्मी र डकर्मी तालिमलाई प्राथमिकतामा राखिने छ ।
- आगामी २०७५ श्रावण १ गतेदेखि एकिकृत सम्पति कर लागु गरिने छ ।
- न्याय सम्पादन कार्यलाई प्रभावकारी रुपमा लागु गर्न संस्थागत र व्यक्तिगत क्षमताको विकास गरिने छ ।
- सूचना तथा संचार प्रविधि सम्बन्धी अभिमुखिकरण एवम् क्षमता विकास तालिम संचालन गरिने छ
- गाउपालिका क्षेत्रमा अचानक आउन सक्ने विपदलाई व्यवस्थापन गर्न स्थानीय विपद् व्यवस्थापन कोष खडा गरिने छ ।
- अध्यारो मुक्त गाउपालिका बनाउने कार्यलाई प्राथमिकतामा राखिने छ ।
- एक गाउँ एक उत्पादन, एक घर एक रोजगार अभियानलाई पुर्ण कार्यान्वयनमा ल्याउने कार्य अगाडि बढाइने छ ।
- यस पालिका क्षेत्रभित्रका ३६० जना अति गरिवहरुलाई ६० दिन बरावरको रोजगारीमूलक तालिम दिइने छ ।
- जेष्ठ नागरिक, एकल महिला, दलित र अपाङ्गता भएका व्यक्तिका लागि सम्मानजनक कार्यक्रम ल्याइने छ ।
- संचार जगतलाई व्यवस्थित गर्न कूल बजेटको ०.५० प्रतिशत बजेट विनियोजन गरिने छ ।

- साविक स्थानीय तहका कर्मचारीहरुको व्यवस्थापनका लागि कर्मचारी कल्याण कोषको व्यवस्था गरिने छ ।
- गाउपालिकामा हालसम्म सेवा करारमा कार्यरत कर्मचारीलाई निरन्तरताको पहल गरिने छ ।
- लैगिक समतामूलक बजेटको व्यवस्था गरिने छ ।
- आगामि वर्षको आय व्यय एवम् नीति तथा कार्यक्रम व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- NGO तथा INGO लाई एकद्वार प्रणलीद्वारा परिचालन गर्ने र गाउँपालिकामा एक NGO डेष्क स्थापना गरिनेछ ।
- रिपीटर टावर स्थापना गरि गाउँपालिकाको सवै क्षेत्रमा सञ्चार राम्रो प्रवन्ध गरिनेछ ।
- गरिबी निवारण कोषलाई केन्द्रिकृत गरि गाउँपालिका स्तरीय सहकारि मार्फत कोष परिचालन गरिने कुरालाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्रका दश वर्ष जनयुद्द र प्रदेश आन्दोलनमा विर गति प्राप्त गर्ने सहिद हरुको सम्झनामा सहीद पार्क निर्माण गरि प्रतिष्ठान लागू गरिने कुरालाई निरन्तरता दिइने छ ।
- वृद्दाआश्रम र अनाथालयको व्यवस्थापनका लागि आवश्यक पहल गरिने छ ।
- गाउँपालिका क्षेत्रसँग सम्बन्धित आयोजना र कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन अनुगमन मूल्यांकनलाई पहिलो प्राथमिकतामा राखिने छ ।
- पालिका स्तरका अस्थाई कर्मचारीलाई समान पदका लागि समान तलबमानको व्यवस्था गरिनेछ ।

केन्द्रमा माग गरीने योजनाहरु

१. हाँकुसाँघु पक्की पुल

२.चुम्लायासाँघु पक्की पुल

३. तातोपानी पक्की पुल

४. राँकासाँघु पक्की पुल

५.नमुना वायु उर्जाको कार्यक्रम

६. इमिलछा वेहुली ढुंगा हुदै जाजरकोट जिल्ला जोड्ने सडक

७. तातोपानी डाँगि वाडा पुल

८.गाडापारी सामुदायिक वन झोलुङ्गे पुल

९. लामपाटी झोलुङ्गे पुल

१०. खारा झोलुङ्गे पुल

११. लदाम झोलुङ्गे पुल

१२. सर्मी झोलुङ्गे पुल

१३. ताम्ती झोलुङ्गे पुल

१४. वुंतडी झोलुङ्गे पुल

१५. वगरला झोलुङ्गे पुल

१६. खुल्पिखोला झोलुङ्गे पुल

१७. खड्कावाडा गौतमवाडा झोलुङ्गे पुल

मिति :२०७५ असाढ १० गते

**आगामी आ.व.२०७५।०७६ को बार्षिक बजेट**

**सोच :**

नेपालको एक समुन्नत, समृद्ध र उत्कृष्ट स्थानीय तहको रुपमा तातोपानी गाँउपालिकालाई स्थापित गर्ने दीर्घकालीन सोच रहेको छ ।

**लक्ष्य :**

आर्थिक बर्ष ०७५।०७६को अन्त्य सम्ममा तातोपानी गाँउपालिकामा आर्थिक, भौतिक, सामाजिक विकासका प्रगतिहरु आम तातोपानी बासीहरुले महसुस गर्न सक्ने लक्ष्य लिईएको छ ।

**उद्देश्य :**

तातोपानी गाँउपालिका बासीहरुले एक वर्ष भित्रमा आफ्नो जीवन स्तर परीवर्तन भई दैनिक जिवनयापनमा सहजता भएको महसुस गर्नेछन् ।

**अपेक्षित उपलब्धी :**

आ.व .२०७५।०७६ को अन्त्यसम्ममा देहायका उपलब्धिहरु हासिल गर्न सकिने अपेक्षा राखिएको छ ।

- सडक संञ्जालको विस्तार, स्तरन्नति तथा सुरक्षित ,गुणस्तरीय र भरपर्दो यातायातको पहुचमा बृद्धि भएको हुनेछ ।
- तातोपानी गाँउ कार्यपालीकाको कार्यालय तथा वडा कार्यालयका भौतिक संरचनाहरुको निर्माणकार्य सुरु गर्न पहल गरी प्रवाहलाई सरल , प्रभावकारी र जनमुखि बनाईने छ ।
- उज्यालो तातोपानी गाउपालिका अभियान सुरु भई तातोपानी गाँउपालिकाका सवै क्षेत्रमा विद्युत सेवाको सुनिश्चितता प्रदान गर्ने कार्यले तिव्रता प्राप्त गरीजलविद्युत उत्पादनमा उल्लेख्य प्रगती हासील भएको हुनेछ ।
- तातोपानी गाँउपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई निवारण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था उपलब्ध हुनेछ ।
- तातोपानी  गाँउपालिकामा गरिदै आएको परम्परागत कृषि प्रणालीमा सुधार ल्याई कृषक ,युवा, लक्षितवर्ग लाभान्वित हुने खालका हुनेछन् ।
- विपद् व्यावस्थापन पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको हुनेछ ।
- सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही, भष्ट्रचारमुक्त बनाउन गुनासो सुनुवाई संयन्त्रलाई प्रभाबकारी बनाइनेछ।

## बजेट वक्तव्य

तातोपानी गाउँपालिकाको सम्मानीत गरिमामय तेस्रो गाउँ सभामा उपस्थित रहनु भएका सम्पुर्ण सम्मानित सभालाई न्यानो अभिवादन व्यक्त गर्दछु ।

**सम्मानित अध्यक्ष एवम् गाउसभा**

आज हामी यस सम्मानित गरिमामय सभामा गाउँपालिकाको भोलीको भाग्य र भविष्यको मार्गचित्र कोर्नका निम्ति यहाँ उपस्थित भएका छौ ।

मिति २०७३।११।३० गतेको नेपाल सरकारको निर्णयबाट स्थापित भई भरखर बामे सर्दै गरेको यस शिशु गाउँपालिकाका थुप्रै चुनौतिका पोकाहरु हाम्रो सामू छरिएर रहेका छन् । अथाह सम्भावनाहरु भएको तर न्यूनतम पूर्वाधारको समेत व्यवस्था नभएको यस गाउँपालिकामा गाउँपालिका वासिहरुले कष्टकर जीवन जिउन बाध्य हुनु परेको छ । गाउँपालिको न्युन आयश्रोत र संघीय सरकार र प्रदेश सरकारको सीमित अनुदानले न्यूनतम पूर्वाधारको पुर्ति समेत गर्न सकिने अवस्था छैन । यस्तो वर्तमान विषम परिस्थितिमा गाउँपालिका वासिहरुको अपेक्षा अनुरुप गाउँपालिकाले सेवा प्रवाह गर्नमा निकै कठिनाईहरु विद्यमान रहेका छन् ।

**सम्मानित अध्यक्ष एवम् गाउसभा**

सम्भावनै सम्भावनाका भण्डारहरु रहेको यस भूमिमा थुप्रै समस्याहरु र चुनौतिहरु भएता पनि सकारात्मक सोचका साथ सुन्दर, समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न सकिने प्रसस्त आधारहरु रहेका छन् । सीमित स्रोत भएता पनि त्यसको विनियोजनको दिशा योजनावद्ध भएमा उपलव्धिमुलक नतिजा प्राप्त गर्न सकिन्छ । राम्रो योजना बन्नु नै आधा काम सक्नु हो भनेझैं तातोपानी गाउँपालिकाले नतिजामा आधारित योजनावद्ध विकास गर्ने दिसातर्फ आफ्ना नीति, कार्यक्रम तथा बजेट परिलक्षित गरेको छ ।

अब म आ.व.२०७५।०७६ को लागि समग्र गाउँ विकास योजना तर्जुमा गर्ने निम्न वमोजिमको आय अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

**<u>आय अनुमान</u>**

१) **बितीय समानीकरण अनुदान** रु ९ करोड ७९ लाख

२) **संघीय राजश्व बाँडफाँड प्राप्त रु** ६ करोड १४ लाख ४८ हजार

३) **प्रदेश राजश्व बाँडफाँडबाट रु** २ लाख ४४ हजार

४) **प्रदेश समानीकरण अनुदान रु** ४९ लाख ८३ हजार

५) **गाउँपालिकाको आन्तरिक आय बाट प्राप्त हुने आय रु** १५ लाख

**संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त हुने रकम निम्नानुसार छ :**

क) **उर्जा रु** ८ लाख २३ हजार

ख) **शिक्षा रु** ८ करोड १९ लाख ७६ हजार

ग) **स्वास्थ्य रु** १ करोड ४५ लाख ३४ हजार

घ) **कृर्षि रु** १६ लाख ९२ हजार

ङ) **पशु रु** २७ लाख ५२ हजार

च) **महिला रु** ७ लाख ५२ हजार

छ) **बन तथा वातावरण** रु ३ लाख ४३ हजार

ज) **ग्रामीण सडक रु** ७८ लाख ४५ हजार

झ) **समाज कल्याण रु** १ लाख ३० हजार

ञ) **बाल कल्याण रु** ५३ हजार

समेत सशर्त अनुदान ११ करोड ९ लाख

क) **सामाजिक सुरक्षा** रु ३ करोड ६० लाख

ख) **बहुक्षेत्रीय पोषण** रु १३ लाख ५६ हजार

चालु आ.व. २०७४।७५ को असार मसान्तसम्म खर्च भई नसक्ने रकम

**क) चालु ८३ लाख**

**ख) पुँजीगत १ करोड २५ लाख**

**गैर सरकारी संस्थाको बजेट**

क) पेश नेपाल रु १८ लाख ७५ हजार

ख) सर्वोदय नेपाल रु १५ लाख ९७ हजार ८०

यसरी आगामी आ.व. २०७५/०७६ मा समग्र गाउँविकास योजना कार्यन्वयनको लागि प्रस्तावित बजेट **जम्मा रु.३३ करोड ९१ लाख ३ हजार असी** यस गरिमामय सभामा स्वीकृतीको लागि पेश गर्ने अनुमति चाहन्छु ।

**व्याय अनुमान निम्न अनुसार रहेको छ ।**

**१) पुजिगत तर्फ १२ करोड ९५ लाख ४५ हजार**

**२) चालु तर्फ रु. ५ करोड ६३ लाख ३० हजार**

**बाँडफाँड गरिएको पुँजिगत बजेट देहाय अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु :**

**बार्षिक नीति ,कार्यक्रम तथा बजेट तर्जुमाका लागि अवलम्वन गरिएका पद्धतिहरु**

- नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक अधीकारहरु ,राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु र स्थानीय सरकार संचालन ऐनलाई वार्षिक नीति तथा कार्यक्रम तय गर्ने प्रमुख आधारको रुपमा लिएको छ ।
- नेपाल सरकार बाट आ.व.२०७५।०७६को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई गाँउपालीकाको नीति ,कार्यक्रम तथा बजेट तर्जुमा गर्ने मूल आधारको रुपमा लिईएको छ ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्यविस्तृतीकरण प्रतिवेदनलाई मुख्य आधारको रुपमा लिईएको छ ।
- गाँउपालीकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपाल सरकाले अन्तराष्ट्रिय जगतमा प्रतिवद्धता कायम गरेका विषयहरु ,विभिन्न सम्झौताहरुलाइ महत्वपूर्ण सर्न्दभको रुपमा प्रयोग गरीएको छ । न्यायालयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायिक नजिर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरुलाई समेत नीति तथा कार्यक्रम तर्जुमामा महत्वपूर्ण आधारको रुपमा लिईएको छ।

- चौधौ अवधिक योजनाले राखेका दिर्घकालिन सोच,लक्ष्य र उद्देश्यहरुलाई मध्येनजर गर्दै नीति तथा कार्यक्रमहरु तय गरीएको छ ।
- सहस्राव्दी विकास लक्ष्यहरुको अभ्यासबाट सिर्जीत नौलो अवसरहरुको सदुपयोग गर्दै विकासका लक्ष्यहरु हासिल गर्नका लागि स्थानीय स्तरबाट चाल्न सकिने कदमहरुलाई नीति तथा कार्यक्रम तर्जुमा गने पद्दतिको रुपमा लिईएको छ ।
- संघिय मामिला तथा सामान्य मन्त्रालय ,अर्थ मन्त्रालय र कर्णाली प्रदेश सरकारबाट समय समयमा जारी भएका निर्देशिका ,परीपत्रलाई नीति तथा कार्यक्रम तर्जुमाका अधारको रुपमा लिईएको छ ।
- आम तातोपानी गाउपालिका बासीहरुको जनभावना तथा अपेक्षालाई नीति तथा कार्यक्रम तर्जुमा सम्बोधन गरिनेप्रयास गरिएको छ

**आयोजना प्रथामिकीकरणका अधारहरु**

आर्थिक बर्ष २०७५।०७६को लागि विभिन्न आयोजनाहरु प्राथामिकरण गर्दा देहायका विषयहरुलाई आधारको रुपमा प्रयोग गरिएको छ ।

- चौधौ आवधिक योजना तथा अन्य क्षेत्रगत आवधीक योजनाहरुले निर्दिष्ट गरेका विषयहरु समावेश गरि क्रमागत एंव अधुरा रहेका योजनाहरु तथा थोरै रकममा सम्भार गरी पुन : सञ्चालनमा ल्याउन सकिने आयोजनाहरु,
- सर्वसाधरण नागरिकलाई तत्काल प्रत्यक्ष राहत तथा फाईदा हुने तथा स्वरोजगार प्रर्वद्धन हुने आय आर्जन वृद्धि हुनेप्रकारका योजना तथा कार्यक्रमहरु,
- आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुचाउने योजना तथा कार्यक्रमहरु
- कृषि उत्पादनमा बृद्धि हुने तथा सहयोग पुचाउने योजना तथा कार्यक्रमहरु
- बातावरण संरक्षण तथा सम्वद्धन र जलवायु परिवर्तन अनुकुलतामा सहयोग पुचाउने प्रकारका योजनाहरु ,
- स्थानीय स्रोत साधन ,सीप क्षमताको अधिकतम परिचालन तथा सञ्चालन भई क्षमता विकास हुने किसिमका योजना तथा कार्यक्रमहरु
- पिछडिएका समुदाय जस्तै : दलित , जनजाति, महिला तथा बालवालिका, अति विपन्न वर्गको आय आर्जन एवम् सीप विकासमा टेवा पुग्ने मुख्य कार्यक्रम तथा योजनाहरु

- प्रतिस्पर्धात्मक  तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा पवर्द्धन हुने कृर्षि ,गैर कृर्षि र सेवा क्षेत्रका कार्यक्रमका आयोजनाहरु
- गाँउपालिकाको आन्तिरिक आय श्रोत बृद्धिगर्ने कार्यक्रमहरु
- सामाजिक परीचालनका माध्यमवाट पहिचान गरीएका लक्षित समुहका मागलाई सम्बोधन गरीने विषयहरु ,
- बढी भन्दा बढी जनसहभागिलाई जुटाउन सकिने तथा बढी श्रममूलक कार्यक्रम र आयोजनाहरु
- लागत साझेदारीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु
- समुदायलाई विपद तथा जलवायू परीवर्तन उत्थानशिल बनाउने आयोजनाहरु तथा कार्यक्रम
- सेवा प्रवाह ,सस्थागत विकास र सुशासनमा योगदान पुर्याउने आयोजना कथा कार्यक्रमहरु

**क) शिक्षा**

शिक्षा देश विकासको मेरुदण्ड हो । जिवन शिक्षा हो र शिक्षा जिवन हो । विद्यालयको भौतिक पूर्वाधार विकास, मर्मत संम्भार, अभिलेख ब्यावस्थापन, पुस्तकालय ब्यावस्थापन, बालविकास देखि मा.वि सम्मको ब्यावस्थापन, सामुदायिक सिकाई केन्द्र ब्यावस्थापन र  विद्यालयको गुणस्तरसंग प्रत्यक्ष जोडिएका पदाधिकारीहरुको क्षमता अभिवृद्धिको लागि रु २ करोड विनियोजन गरेको छु ।

**ख) स्वास्थ्य**

स्वास्थ्य नै धन हो ।  धन प्राप्तीको लागि थुप्रै चुनौतिहरु /उभाबहरु पार गर्नु पर्ने हुन्छ । स्वास्थ्य संस्थाको संस्थागत र संरचनागत विकास, खोप कार्यक्रम ,वर्थिङ सेन्टरको ब्यावस्थापन, र स्वास्थ्य शाखाले तयार पारेको रणनितिक योजना कार्यान्ययनको लागि रु. ३० लाख विनियोजन गरेको छु ।

**ग) लक्षित वर्ग**

तातोपानी गाउपालिका क्षेत्रमा जतातत्तै राज्यको मूल प्रवाहबाट बन्चित रहेका थुप्रै लक्षित वर्गहरु रहेका छन् । जस अर्न्तगत वृद्ध, असहाय, महिला, अपाङ्गता भएका मानिसहरु, दलित जनजाति आदिवासीहरु पर्दछन उनिहरुको क्षमता विकास, संरक्षण, सम्बद्धर्न र सम्मानको लागि एकमुस्ट रु.१२ लाख विनियोजन गरेको छु ।

घ) कृषि

नेपाल कृषि प्रधान देश हो । नेपालका ७५३ स्थानिय निकाय मध्ये तातोपानी गाउँपालिका पनि थुप्रै कृर्षिका सम्भावना बोकेको पालिका हो । यहाँ जतातत्तै खेतियोग्य जमिन छ । गाउँपालिका समृद्धिको लागि यहाँको थुप्रै कृषियोग्य भूमि आधारस्तम्भको रुपमा रहेको छ । कृषकहरुको क्षमता अभिवृद्धि,

उन्नत बाली संरक्षण, सम्बद्धर्न र व्यवस्थापन, स्याउ बगैचा ब्यावस्थापन र व्यवसायिक कृषि खेतीका लागि  रु. ७० लाख विनियोजन गरेको छु ।

सडक

कुनै पनि मुलुकलाई विकासको पूर्ण प्रत्याभूति दिने क्षेत्र हो सडक । सडक सञ्जालले समृद्ध गाउपालिकाको ढोका खोल्दछ । तातोपानी गाउपालिका अन्तर्गत थुप्रै स्थानहरु सडक विकासको पर्खाइमा रहेका छन् । समग्र सडक विकासका लागि रु ३ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

खानेपानी

शुद्ध खानेपानी दीगो जिन्दगानी भन्ने मूल नारालाई केन्द्रविन्दु राख्दै तातोपानी गाउपालिका जुम्लाले खानेपानीको ट्यांकी व्यवस्थापन, मर्मत सम्भार, धारा व्यवस्थापन र विस्तार उपभोक्ताहरुको क्षमता विकासका लागि रु १ करोड रकम विनियोजन गरेको छु ।

नदी नियन्त्रण

११९ वटा कर्णालीका सशाढ्य ज्युलाहरुमध्ये यस गाउपालिका अन्तर्गत लाछु लाम्रा लगायत थुप्रै ज्युलाहरुमा मनग्य धान खेती हुन्छ । यी ज्युलाहरुमा हरेक बर्ष नदीले खेतहरु क्षय हुदै गैरहेका छन् । यसको नियन्त्रणका लागि रु २५ लाख रकम विनियोजन गरेको छु ।

**पन्चे बाजा**

संस्कृतिको अनुपम उपहारको रुपमा रहेको तातोपानी गाउँपालीकाको सस्कृति अन्तर्गत पन्चे बाजा संरक्षण  एवम गीत सगीतको सरक्षण संवर्द्धन गर्नको लागि  रु १० लाख बिनियोजन गरेको छु |

**खेलकुद**

**विकास अनुशासन र गतिशीलता** भन्ने राज्यको मूल आदर्शलाई मध्यनजर गरी खेलकुदको विकास गर्न यस क्षेत्रलाई २५ लाख बजेट विनियोजन गरेको छु ।

**विपद**

तातोपानी गाउपालिका जुम्लाका विभिन्न बस्तिहरुका शिक्षण संस्था, सरकारी तथा गैरसरकारी भवन र सर्वसाधारण जनताका घरहरुमा अचानक आउन सक्ने विपद व्यवस्थापनका लागि गाउपालिका स्तरमा विपद व्यवस्थापन कोष खडा गरिने छ । जसको लागि रु १० लाख बजेट विनियोजन गरेको छ ु ।

**कानून**

न्याय सम्बन्धी विभिन्न गुनासाहरु सुनुवाई गर्न र न्याय प्रशासन सम्बन्धी कार्यहरु सम्पादन गर्न सरलता र संस्थागत क्षमताको विकास गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु ।

**बन**

**हरियो बन नेपालको धन** भन्ने राज्यको मूल मर्मलाई स्थानीय स्तरबाट नै कार्यान्वयन गर्न र बन क्षेत्रको संरक्षण सम्बर्द्धन गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।

**गूरयोजना**

तातोपानी गाउपालिका क्षेत्रमा रहेका पर्यटन, कुर्षि, सडक, शिक्षा, स्वास्थ्य, सिचाइ, बन एवम् धार्मिक तथा सांस्कृतिक क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासको लागि ४० लाख बजेट बिनियोजन गरेको छु ।

**बृद्ध चौतारी**

विभिन्न विषयवस्तुसँग सम्बन्धित अनुभवका गहनाका रुपमा रहेका बृद्धहरुको संरक्षण र सम्मानका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

**जग्गा**

तातोपानी पालिकाको बडा नम्बर ५ र ६ को वीचमा पर्ने बास्तौला भन्ने ठाउँमा निर्माण हुन लागिरहेको सशस्त्र प्रहरी बेस बल क्यामको लागि जग्गा व्यवस्थापनको लागि अनुदान र जलविधुत पावर हाउस निर्माणको अनुदानको लागि २३ लाख बजेट विनियोजन गरेको छु ।

**आन्तरिक व्यवस्थापन**

तातोपानी गाउपालिकाको कार्यालय अन्तर्गत रहेका विभिन्न समितिहरुको व्यवस्थापनका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

**पर्यटन**

जिल्ला समृद्दिको पर्खाइमा रहेको अर्को क्षेत्र हो पर्यटन । तातोपानी गाउँपालिका जुम्लाको अधिकांस भू भागमा पर्यटनका सम्भावना बोकेका ठाउँहरु छन । तिनीहरुको विकास गरि पर्यटन प्रवर्द्धन गर्न ५० लाख रुपैया विनियोजन गरेको छु ।

**महिला**

समग्र देशमा जस्तै तातोपानी गाउँपालिकाको आधा आकासरुपी जनसंख्या समेटिएको क्षेत्र हो महिला विकास । महिला हरुको सशक्तिकरणको साथै महिला विकास कार्यक्रम हरुको प्रवद्धनको लागि १० लाख रकम विनियोजन गरेको छु ।

**सिचाई**

उन्नत र मनग्य अर्गानिक वस्तु उत्पादनको मूल आधार स्तम्भ हो सिचाई । सिचाइ कुलो व्यवस्थापन, नदी नियन्त्रण र कृषकहरुको क्षमता विकास जस्ता कार्यको लागि १ करोड रकम विनियोजन गरेको छु ।

**पशु**

अन्य गाउँपालिका /नगरपालिका जस्तै पशु चौपायहरुको वाहुल्यता भएको भूमि हो तातोपानी गाउँपालिका । यहा रहेका पशुहरुको संरक्षण, विकास र सर्म्वद्धनको साथै पशु विकास कार्यक्रमहरु लाई प्रभावकारी रुपमा संचालन गर्नको लागि रु १० लाख वजेट विनियोजन गरेको छु ।

**स्वरोजगार**

हाम्रो गाउँ समाजका अधिकांश युवाहरु दिनानुदिन विदेशतिर पलायन हुने क्रम बढिरहेको छ । देश निर्माणको खम्वाका रुपमा रहेका यी यूवाहरुको सशक्तिकरण र युवा विकासका कायक्रम संचालन गर्न रु १० लाख वजेट विनियोजन गरेको छु ।

**उद्योग**

गाउँ नै गाउँले भरिएको तातोपानी गाउँपालिकाममा विभिन्न घरेलु उद्योगको विकास गरि आर्य आर्जन वढाउनका लागि उद्योगको क्षेत्रमा १० लाख वजेट विनियोजन गरेको छु ।

**विद्युत**

**अध्यारो मुक्त गाउँपालिका** वनाउने यस पालिकाको मूल ध्येय लाई मध्यनजर गरि विद्युतीय क्षेत्रलाई विकास, विस्तार र व्यवस्थापनका लागि रु ५० लाख वजेट विनियोजन गरेको छु ।

**गेट व्यवस्थापन**

अन्य जिल्लाबाट आउनु हुने पाहुना, आगन्तुक र पर्यटकहरुलाई स्वागतका लागि तातोपानी गाउपालिकाको वडा नं १ मा मूल गेट स्थापना गर्नका लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।

**अन्य**

तातोपानी गाउपालिका क्षेत्रलाई प्रविधिमय बनाउन सूचना व्यवस्थापन, फर्निचर व्यवस्थापन, मेसिनरी औजार, पुस्तक व्यवस्थापन र परिषद् व्यवस्थापनका लागि एकमुष्ट रु २० लाख बजेट विनियोजन गरेको छु ।

अन्त्यमा, अति व्यस्त समयका वावजुद पनि हाम्रो निमन्त्रणलाई स्वीकार गरि तातोपानी गाउँपालिकाको तेस्रो बजेट वक्तव्य सभामा पाल्नु भएका आमन्त्रित सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनीधि ज्यूहरु, क्षिक्षक, वुद्दिजिवी, कर्मचारी, सञ्चारकर्मी, तातोपानी गाउँपालिका वासी लगायत यस कार्यक्रममा सहभागी हुनु भएका तपाई सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

साथै यस महत्वपूर्ण कार्यक्रममा अहोरात्र खटिने कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद नमस्कार ।